# कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७५

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

मालेपाटन, पोखरा

गण्डकी प्रदेश

# कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना**

कृषि क्षेत्रको व्यवसायिकरण र आधुनिकीकरणसँगै रासायनिक विषादीहरूको बढ्दो प्रयोगले कृषि पर्यावरण र वातावरणमा नकारात्मक असर पारिरहेको तथ्यहरू पुष्टि भइरहेका छन् । गण्डकी प्रदेशको प्राकृतिक सुन्दरता र भौगोलिक विशिष्टताको कारणले यस क्षेत्रमा ठूलो सङ्ख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरू घुम्न आउने गर्दछन् । यस प्रदेशका विभिन्न स्थानमा रहेका पर्यटक स्थलहरूलाई अझ बढी आकर्षक बनाउन र रासायनिक विषादीहरूको प्रयोगमा कमी ल्याउनका लागि प्राङ्गारिक तरकारी खेती, फलफूल बगैंचा स्थापना, आलङ्कारिक फुल बगैंचा र पार्क स्थापना, माछापालन, खानेपानी, बाटो, विश्राम चौतारी आदि बहुआयामिक कार्यहरू गर्न सकेमा पर्यटकहरूको मन जित्न सकिने र ग्रामीण जनताको आर्थिक स्थितिमा पनि सुधार ल्याउन सकिन्छ । आ.व. २०७५।७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम **कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७५** रहेको छ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

### २. कार्यविधि लागू हुने क्षेत्र

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ ।

### ३. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) "**अनुदानग्राही**" भन्नाले यस कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएका कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनीहरू आदिलाई सम्झनुपर्दछ ।

ख) "**प्रस्ताव**" भन्नाले कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम हुने कार्यक्रमहरूको लागि अनुदान पाउन पेश गरेको आवेदन विवरण बुझ्नुपर्दछ ।

ग) "**अनुदान**" भन्नाले प्रस्तावित कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने नगद अनुदान रकम वा अन्य सहयोगलाई सम्झनुपर्दछ ।

घ) **“मन्त्रालय”** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ।

ङ) "**निर्देशनालय**" भन्नाले गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालय सम्झनुपर्दछ ।

च) "**केन्द्र**" भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत जिल्लास्थित कृषि प्रविधि तथा प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्र भन्ने सम्झनुपर्दछ ।

छ) **“प्रमुख”** भन्नाले कृषि ज्ञान केन्द्र वा कृषि विकास निर्देशनालयका प्रमुखलाई सम्झनुपर्दछ ।

ज) "**निजी कम्पनी**" भन्नाले निजी क्षेत्रका व्यावसायीबाट कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएको कृषि बाली उत्पादन, प्रशोधन, बजारिकरण तथा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न तत्सम्बन्धी काम गर्ने उद्देश्यले स्थापित कृषि कम्पनी भन्ने बुझ्नुपर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग, विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको उद्योग समेतलाई जनाउँछ ।

झ) **"कृषि पर्यटन" प्रवर्द्धन कार्यक्रम (Agrotourism Promotion Program)** भन्नाले कृषिजन्य बालीहरूको उत्पादन जस्तै: खाद्यान्न, तरकारी, फलफूल, मसला, फूल एवम् आलङ्कारिक बिरुवाको उत्पादन, रमणीय पार्क निर्माण एवम् माछापालन व्यवसाय सञ्चालन गरी कृषिको माध्यमबाट पर्यटन व्यवसायको प्रवर्द्धन गर्ने भन्ने बुझ्नुपर्दछ ।

## ४. कार्यक्रम सञ्चालनको उद्देश्य

- गण्डकी प्रदेशमा रहेका उल्लेखनीय पर्यटक स्थलहरूमा कृषि पर्यटनको विकास र बिस्तारमा सहयोग पुर्याउने।
- पर्यटन प्रवर्द्धन गर्न सकिने स्थानहरूमा रहेका बेरोजगार युवाहरूलाई कृषि पर्यटन कार्यक्रमका संलग्न गराइ स्वरोजगार बन्न सहयोग पुर्याउने ।
- गण्डकी प्रदेशका पर्यटकीय स्थलहरूको आकर्षण वृद्धि गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आवागमनमा वृद्धि गराउन सहयोग पुर्याउने।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन विधि

### ५. सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने

**क**) यस कार्यविधि अनुरूप गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूको सम्भाव्य स्थानहरूमा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि गण्डकी प्रदेश सरकारबाट सहयोग पुर्याउन उद्देश्यले सम्बन्धित केन्द्रले राष्ट्रिय प्रत्रिकामा ३० दिनको म्याद दिई सूचना प्रकाशन गर्ने । प्रकाशित सूचना लगायतका अन्य आवश्यक कागजातहरू केन्द्रको वेवसाइट पनि राख्ने व्यवस्था गर्नु पर्नेछ । प्रकाशित सूचनाहरूको व्यापक प्रचार-प्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था हुनुपर्ने । सूचना बमोजिम सम्बन्धित कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि वा पर्यटन सम्बन्धी कम्पनी वा संस्था आदिले प्रस्ताव पेश गर्न ।

**ख**) उपदफा (**क**) बमोजिम सूचना प्रकाशन भए अनुरूप आवेदकले दफा ६ बमोजिमका सबै प्रमाण संलग्न गरी केन्द्रमा अनुसूची ७ मा उल्लेख भएका कुनै एक वा सोभन्दा धेरै कार्यक्रमहरू एउटा निश्चित क्लष्टरमा सञ्चालन गर्ने गरी आवेदन प्रस्ताव पेश गर्न सक्नेछन् ।

**ग**) पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने गाउँ वा स्थान एउटा निश्चित पदयात्रा रोड कोरिडरमा कम्तीमा वार्षिक पाँच हजार स्वदेशी वा विदेशी पर्यटकहरू यात्रा गर्ने स्थान हुनुपर्नेछ ।

### ६.आवेदन दिन आवश्यक योग्यता

यस कार्यविधि अनुरूप कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका सबै योग्यता पुगेका प्रस्तावक वा उद्यमीहरूले अनुसूची २ अनुसार आवेदन दिन सक्नेछन् ।

**क**) आवेदक कानून बमोजिम दर्ता भइ स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ र कृषि पर्यटन प्रवर्द्धन लगायतका कार्यहरू सञ्चालन गर्ने उद्देश्य भएको संस्था हुनुपर्नेछ । कानुन बमोजिम दर्ता भएका कृषक समूह र सहकारीहरू पनि कार्यक्रम सञ्चालनका लागि योग्य मानिने छन् ।

**ख**) आवेदकले सम्बन्धित निकायबाट कृषि तथा पर्यटन क्षेत्रमा उत्पादन, बजारिकरण लगायतका विविध कार्य गर्ने अनुमति लिएको हुनुपर्नेछ ।

**ग**) आवेदकले कानून अनुसार पूरा गर्नुपर्ने सबै दायित्त्वहरू जस्तैः लेखापरीक्षण, कर चुक्ता, नवीकरण पूरा गरेको हुनुपर्नेछ ।

**घ**) कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि छनौट भएका संस्थाहरूको आफ्नै स्वामित्वमा रहेको वा कम्तीमा १० वर्षका लागि लिजमा लिएको जग्गा हुनुपर्नेछ ।

**ङ)** आवेदकले आफ्नो कार्यको प्राविधिक इष्टिमेट, लेआउट, कृषिजन्य वस्तुहरूको उत्पादन योजना तथा पूर्वाधार निर्माण योजना मान्यता प्राप्त प्राविधिक वा फर्म (आपूर्तिकर्ता) बाट तयार भएको हुनुपर्नेछ ।

**च)** कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आवश्यक जनशक्ति तथा प्राविधिक ज्ञानको व्यवस्था भएको हुनुपर्नेछ ।

**छ)** कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि लागत अंश व्यहोर्न सक्ने क्षमता भएको हुनुपर्नेछ।

**ज)** अनुसूची ३ मा उल्लेख भएअनुसारको व्यावसायिक योजना भरी प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

## ७. छनौट समितिको गठन व्यवस्था

अनुदानका लागि पेश हुन आएका प्रस्तावहरूको मूल्याङ्कन, परिमार्जन तथा तत्सम्बन्धमा अनुगमन गर्ने व्यवस्थाका लागि देहाय बमोजिमको छनौट समिति गठन गरिने छ । यस कार्यविधि अनुरूप अनुदान सम्बन्धी नीति निर्णय र आएका समस्या निराकरण गर्ने काम यसै समितिको हुनेछ ।

**क)** कृषि प्रसार अधिकृत, कृषि ज्ञान केन्द्र - संयोजक
**ख)** बाली संरक्षण अधिकृत - सदस्य
**ग)** बागवानी विकास अधिकृत, कृषि ज्ञान केन्द्र - सदस्य सचिव

समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भए बमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

## ८. छनौट समितिको काम, कर्तव्य र अधिकार

**क)** यस कार्यविधि अनुसार पेश हुन आएका कार्यक्रम प्रस्तावहरूको मूल्याङ्कन गर्ने ।

**ख)** स्वीकृत वजेटको परिधिभित्र प्रस्तावित कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउन केन्द्र प्रमुखलाई सिफारिस गर्ने ।

**ग)** प्रस्तावित कार्यक्रम सञ्चालनका लागि प्रगतिका आधारमा अनुदानको पहिलो किस्ता र अन्य किस्ताहरू उपलब्ध गराउन सिफारिस गर्ने ।

**घ)** सञ्चालित कार्यक्रमहरूको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

**ङ)** केन्द्र प्रमुखलाई सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण उपलब्ध गराउने ।

९. दफा ७ अनुसार गठित छनौट समितिले प्राप्त प्रस्तावहरूको प्रारम्भिक तथा विस्तृत मूल्याङ्कन गर्नेछ । छनौट समितिका प्रत्येक पदाधिकारीहरूले प्रत्येक प्रस्ताव मूल्याङ्कन गर्नेछन् ।

१०. प्रारम्भिक मूल्याङ्कनका लागि सूचक बनाइनेछ उक्त सूचक अनुसार पूर्णरूपमा पेश भएको प्रस्तावलाई प्रारम्भिक चरणमा सफल प्रस्ताव मानिनेछ भने अपूर्ण दस्तावेज पेश भएको प्रस्तावलाई असफल प्रस्ताव मानिनेछ ।

११. दफा १० अनुसारको प्रारम्भिक मूल्याङ्कनमा सफल प्रस्तावहरूलाई विस्तृत मूल्याङ्कनका लागि योग्य मानिनेछ र यस्ता प्रस्तावहरूलाई अनुसूची ४ अनुसार मूल्याङ्कन गरिनेछ ।

## परिच्छेद ३

## अनुदान रकम स्वीकृति र सम्झौता

१२. दफा (७) बमोजिम गठित छनौट समितिले यस कार्यविधिको अनुसूची ७ मा उल्लेख भएका कार्यक्रमहरू सञ्चालनका लागि स्वीकृत कार्यक्रम र विनियोजित बजेट अनुसार अनुदान उपलब्ध हुनेछ । उल्लेखित कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक पर्ने उत्पादन सामग्रीहरू जस्तैः बिउ, मल, विषादी, प्लाष्टिक आदि तथा प्रशोधन र बजारिकरणका लागि आवश्यक सामग्रीहरूमा अधिकतम ८५ प्रतिशतसम्म अनुदान उपलब्ध हुनेछ । एउटा प्रस्तावका लागि अधिकतम रु ५ लाखसम्म अनुदान उपलब्ध हुने ।

१३. अनुदान प्राप्त हुने रकमको अधिकतम ३ (तीन प्रतिशत) रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, बैठक भत्ता, प्रस्ताव मूल्याङ्कन, पारिश्रमिक आदिमा खर्च गरिनेछ।

१४. छनौट समितिबाट स्वीकृति प्राप्त भएपछि सोको आधारमा कार्यक्रम केन्द्र प्रमुखले अनुदानग्राहीसँग अनुसूची ५ अनुसारको प्रतिबद्धता लिइ थप Negotiation गरी अनुसूची ६ बमोजिमको सम्झौता गरी कार्यादेश दिनेछ ।

## परिच्छेद ४

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### १५. अनुदान प्रवाह विधि

क) प्रस्तावकले प्रारम्भिक कार्य गरिसकेपछि स्थलगत प्रतिवेदन, बिल र स्वीकृत कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ ।

ख) अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराइनेछ । सम्झौता बमोजिम कार्य प्रगति मूल्याङ्कनका आधारमा सम्बन्धित प्राविधिक वा छनौट समितिको सिफारिसमा २ किस्तामा भुक्तानी दिइनेछ । पहिलो किस्ता आधा काम सम्पन्न भएपछि प्रगतिका आधारमा र  अन्तिम किस्ताको रकम काम सम्पन्न भएश्चात प्राविधिकको अनुगमन, काम सम्पन्नको प्रतिवेदन र सम्पूर्ण बिल भरपाई प्राप्त भएकपछि मात्र उपलब्ध गराइने ।

ग) यस कार्यविधि अनुरूप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख राखिनेछ ।

### १६. अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य कुरा

क) प्रस्तावक वा उद्यमीले यस कार्यविधि अनुसार सञ्चालन हुने वा भएको कामको विस्तृत विवरण, कुल लागत, सहयोग उपलब्ध गराउने संस्था, काम सम्पन्न हुने अवधि इत्यादिको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदानग्राहीले आफूले सञ्चालन गरेको कार्यक्रमको सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ । सार्वजनिक सुनवाइमा आफूले प्राप्त गरेको रकमको विवरण, सञ्चालन गरिएका कार्यक्रमको विवरण र प्राप्त भएको प्रगति तथा उपलब्धीहरूको जानकारी गराउनु पर्नेछ ।

ग) अनुदान सहयोगमा सञ्चालित कार्यक्रम समापन पश्चात अनुदानग्राहीले त्यसको निरन्तरता दिनुपर्नेछ । आवश्यक अनुसार मर्मत संहार लगायतका कार्यहरूलाई नियमितता दिनुपर्नेछ ।

घ) कार्य सञ्चालनका क्रममा मन्त्रालय, निर्देशनालय लगायतका अन्य  प्रदेशस्तरीय कार्यालयहरूबाट दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

ङ) गण्डकी प्रदेश सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको पूर्वाधार निर्माण तथा कार्यक्रम सञ्चालनको हिसाब सम्बन्धी किताब हेर्न सक्नेछ । हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्त्व हुनेछ ।

च)  अनुदानग्राहीले अनिवार्य रूपमा बाली बिमा गराउनु पर्नेछ ।

छ) प्रस्तावित संरचना निर्माणपश्चात् मर्मत सम्भारको जिम्मा अनुदानग्राहीको हुनेछ ।

ज) प्रास्तावित संरचनाहरू निर्माण गर्दा कुनै दुर्घटना भएमा त्यसको जिम्मेवारी अनुदानग्राहीले नै  लिनुपर्नेछ ।

## परिच्छेद ५

## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### १७. अनुगमन तथा मूलयांकन

यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

**क)** कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सम्बन्धित कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय लगायत केन्द्रले संयुक्त वा आवश्यकता अनुसार छुट्टा छुट्टै पनि गर्नेछन् ।

ख) उपदफा (क) बमोजिम भएको अनुगमन र निर्देशन लिखित अभिलेख/प्रतिवेदन कार्यक्रम सञ्चालकले सुरक्षित राख्नुपर्नेछ ।

ग) उपदफा (क) बमोजिम प्राप्त निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

## विविध

### १८. अनुदान रकमको दुरूपयोग सम्बन्धमा

क) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राही वा उद्यमीलाई छनौट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

### १९. बाधा अड्चन निरूपण

यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण छनौट समितिको सिफारिसमा केन्द्र प्रमुखले गर्नेछ ।

### २०. संशोधन तथा परिमार्जन

यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

### २१. प्रचलित कानुन बमोजिम हुने

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

## कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आह्वानको सूचना

**सूचना । सूचना ।। सूचना ।।।**

यस ..................आर्थिक वर्ष ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि अर्गानिक कृषि वस्तु उत्पादन लगायतका कृषि पर्यटनलाई टेवा पुग्ने कार्यक्रम सञ्चालन गर्नका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषि सहकारी, कृषि फर्म, कृषि तथा पर्यटन कम्पनीहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र सम्बन्धित कृषि ज्ञान केन्द्रमा अनुसूची ३ अनुसारको कागजातहरू एवम् अनुसूची ४ अनुसार व्यवसायिक प्रस्ताव सहित आवेदन आह्वान गरिएको छ । थप जानकारीका लागि सम्बन्धित ............सम्पर्क गर्न सक्नुहुनेछ ।

| रु १० को टिकट |
|---|

# अनुसूची २
## आवेदन फारम

श्रीमान्.............. ज्यू,                                        मितिः
.................. ।

**विषयः कृषि पर्यटन कार्यक्रम सञ्चालनका लागि अनुदान सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा तहाँ ........बाट सञ्चालित कृषि पर्यटन प्रवर्द्धन तथा अर्गानिक भिलेज स्थापना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि अर्गानिक/तरकारी खेती, फलफूल खेती, खाद्यान्नबाली, मसलाबाली/चिया, कफी/मह उत्पादन/च्याउ उत्पादन, माछापालन, गाई, भैसी पालन, फूलको बगैंचा निर्माण तथा आलङ्कारिक बिरुवा रोपण सम्बन्धी कार्यको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत (आवेदक संस्था वा कम्पनीको नाम तथा ठेगाना)...... ................................ ले सञ्चालन गर्ने ........................ व्यवसायिक योजना तथा अनुसूचीहरूमा उल्लेख भए बमोजिमका व्यवसायिक क्रियाकलापका लागि जम्मा रकम रु........................./- (अक्षरूपी ......................................................) को व्यवसायिक योजना तयार गरी आवश्यक अन्य कागजात सहित अनुदान सहयोगको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु । व्यवसायिक योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ .....................बाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ......................../- (अक्षरूपी ............................) बाहेकको अन्य रकम (आवेदक संस्थाको नाम) .... ........................ले नगद तथा जिन्सी एवम् श्रमदान गरी रु......................./- (अक्षरूपी ...........) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ केन्द्रबाट सञ्चालित यस कार्यक्रमा छनौट गरिपाउँ भनी अनुरोध छ । साथै तपसिल अनुसारका कागजातहरू यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ ।

<u>संलग्न कागजातहरू</u>

१. रु १० को टिकट टाँसेको अनुसूची २ अनुसारको निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. जमिनको लालपूर्जाको प्रतिलिपि पत्र/लिजमा जग्गा लिएको भए सम्झौताको प्रतिलिपि ।
५. तरकारी खेती, फलफूल खेती, खाद्यान्नबाली, मसलाबाली/चिया, कफी/मह उत्पादन/च्याउ उत्पादन, माछा पालन, फूलको बगैंचा निर्माण तथा आलङ्कारिक बिरुवा रोपणको व्यावसायिक योजना ।
६. आवेदकसँग रहेको नगद मौज्दातको प्रमाण र लगानीका स्रोतहरूको आधार ।
७. प्रस्तावित जमिनमा सडक तथा बिजुली रहे नरहेको प्रमाण ।
८. अनुसूची ३ अनुसारको व्यवसायिक योजना ।
९. स्थानीय तहका गाउँपालिका वा नगरपालिकाको कार्यक्रम सञ्चालनका लागि तथा कार्यक्रममा दोहोरोपन नभएको सिफारिस-पत्र ।
१०. सडक, बिजुली, र पानीको स्रोतको आधिकारिक प्रमाण पुष्टि हुने कागजात ।

निवेदक

नामः

ठेगानाः

छापः

अनुसूची-३

## कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रस्ताव पेश गर्ने ढाँचा

**१. आवेदकको विवरण**

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल बजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैर-सरकारीसंस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

**२. कार्यक्रम सञ्चालन गरिने स्थान र प्रमुख बजार वा मोटर बाटो बीचको दुरी**

**३. कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरू (सडक, पानी, विद्युत आदि) उपलब्धताको बारेमा उल्लेख गर्ने ।**

४. हाल कृषि पर्यटन व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्य सञ्चालन भएको भए सोको विवरण उललेख गर्ने ।

| क. सं. | कार्यक्रम विवरण | कार्यक्रमले ओगटेको क्षेत्रफल वा सङ्ख्या | वार्षिक उत्पादन | वार्षिक आम्दानी (रु.) | रोजगारी सिर्जना (सङ्ख्या) |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

५. प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्व

६. प्रस्तवित कार्यक्रमको अपेक्षित उपलब्धि

७. सञ्चालन हुने कार्यक्रमको मुख्य मुख्य क्रियाकलापहरू

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिणाम | | | समापन गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | |

८. कार्यक्रम सञ्चालन अवधिः

९. खर्च विवरणः

क. स्थिर खर्चको विवरणः

कृषि यन्त्र उपकरणहरू, भवन, तारबार, सिँचाइको व्यवस्था आदि जस्ता संरचना निर्माणमा हुने खर्च समावेश गर्ने ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

## ख. चालु खर्चको विवरण (एक वर्षको मात्र)

बिउ, मल, विषादी, प्लाष्टिक आदिमा हुने खर्च ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.)** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

## १०. प्रस्तावित कार्यक्रमको लागत विवरण

### आफ्नो लगानी र माग गरिएको अनुदान रकम

| क्र. सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | |

**११. वार्षिक आन्तरिक वा बाह्य पर्यटक आगमन**

| क्र.सं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| | | | |
| जम्मा | | | |

**१२. अनुदान सहयोग पश्चात प्रस्तावित कार्यक्रमको निरन्तरताका आधारहरू उल्लेख गर्नुहोस् ।**

**१३. नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्**

प्रस्तावकको

संस्थाका नाम

संस्थाको छापः

ठेगाना

दस्तखतः

मितिः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रूपमा प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

## अनुसूची ४

## कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कन फारम

| सि नं | छनौटको आधार | प्राप्त हुने अङ्क |
|---|---|---|
| **१** | **कृषि पर्यटन प्रवर्द्धन तथा अर्गानिक भिलेज स्थापना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था** | **१०** |
| | (क) सडक र बिजुलीको सुविधा भएको वा हुन सक्ने | १० |
| | (ख) बिजुलीको सुविधा भएको तर सडक नभएको/हुन नसक्ने | ५ |
| **२** | **तरकारी खेती, फलफूल खेती, फूल बगैंचा स्थापना तथा निर्माणको लागि उपयुक्त स्थान तथा बाली विशेषको लागि उपयुक्त क्षेत्र** | **३०** |
| | (क) उपयुक्त | ३० |
| | (ख) अपर्याप्त | २० |
| | (ग) अनुपयुक्त | ० |
| **३** | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | **२०** |
| | (क) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्न सक्षम भएको पर्याप्त आधार देखिएको | २० |
| | (ख) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्न सम्भाव्य देखिएको | १५ |
| | (ग) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्न सम्भाव्य नदेखिएको | ० |
| **४** | **पर्यटकीय आवागमनको हिसाबले स्थलगत उपयुक्तता र अर्गानिक उत्पादनको लागि सम्भाव्यता** | **३०** |
| | (क) पर्यटक आगमन हुने स्थान वा ठाउँ | ३० |
| | (ख) भविष्यमा पर्यटक आउन सक्ने | १५ |
| | (ग) कृषि पर्यटन सम्भाव्यता रहेको तर अर्गानिक उत्पादन हुन समस्या | १० |
| **५** | **स्थानीय निकाय वा अन्य संस्थाको लगानी साझेदारी** | **१०** |
| | (क) गाउँ-पालिका वा नगरपालिकाको लगानी प्रतिबद्धता भएको | १० |
| | (क) गैर-सरकारी संस्थाको लगानी प्रतिबद्धता भएको | ५ |
| | **जम्मा** | **१००** |

## अनुसूची-५
## प्रतिबद्धता-पत्र

त्यस ........ले मिति २०..../ ..../ ....को सूचना अनुसार कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि अर्गानिक/तरकारी खेती, फलफूल खेती, खाद्यान्नबाली, मसलाबाली/चिया कफी/ मह उत्पादन/च्याउ उत्पादन, माछा, फूलको बगैंचा निर्माण तथा आलङ्कारिक बिरुवा रोपण सम्बन्धी कार्यको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा ...वर्षसम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ३ (तीन) वर्षभन्दा अगावै सो कार्यहरू बन्द गरेमा गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं अन्यथा ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै सञ्चालित कृयाकलापबाट वातावरणलाई असर नपुर्‍याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं । इति संबत २०...../ ..../ .....गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

**अनुसूची - ६**
**सम्झौता-पत्र**

१. यो सम्झौता-पत्र ...................(प्रथम पक्ष) र ............(दोस्रो पक्ष) बीच कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ ।
२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।
३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले ......... दिनभित्र सुरु गर्नुपर्नेछ ।
४. कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार ......... किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउने छ । कार्यक्रमका लागि स्वीकृत अनुदान रकम वा सहयोग मध्ये कम्तीमा ......... प्रतिशत रकम कार्य प्रारम्भ भएपछि प्रथम किस्ताको रूपमा उपलब्ध गराउने र सम्पूर्ण काम समापन भएपछि अन्तिम किस्ताको रूपमा बाँकी रहेको सम्पूर्ण रकम उपलब्ध गराउनेछ ।
५. अनुदान प्राप्त हुने रकमको अधिकतम ३.० (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले दैनिक भ्रमण भत्ता, इन्धन, कार्यालय समान र अन्य आवश्यक काममा प्रयोग गर्नेछ ।
६. किस्ता रकम भुक्तानी दिंदा ......... ......... समिति सिफारिसको आधारमा गरिनेछ । दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा ......... ......... समितिको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ ।
७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा छनौट समितिले मूल्याङ्कन गरी अन्तिम बील सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोस्रोपक्ष ले प्रथम पक्षसँग अनुरोध गर्नुपर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरू प्राप्त भएको ......... ......... दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।
८. कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनका सम्बन्धी कार्यक्रमहरू ...............वर्षभित्र सम्पन्न गर्नुपर्नेछ ।
९. दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ ।

| | |
|---|---|
| .............................. | .................................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पदः | पद : |
| संस्थाको नाम र छापः | फर्मको नाम र छापः |

## अनुसूची - ७

## सञ्चालन हुने कार्यक्रमहरूको विवरण

पर्यटन प्रवर्द्धन कार्यक्रम एउटा निश्चित क्लष्टरमा सञ्चालन हुनुपर्नेछ ।पर्यटक भ्रमण गर्ने गाउँ वा स्थान एउटा निश्चित पदयात्रा रोड कोरिडरमा कम्तीमा वार्षिक पाँच हजार स्वदेशी वा विदेशी पर्यटकहरू यात्रा गर्ने स्थानमा तपसिलका कार्यक्रमहरू सञ्चालनका प्रस्ताव पेश गर्न सकिने ।

- **प्राङ्गारिक तरकारी खेतीः** स्वस्थ र विषादी रहित तरकारी उत्पादनका लागि प्राङ्गारिक तरकारी खेती संचालनार्थ सहयोग उपलब्ध हुनेछ । आवश्यक उत्पादन सामग्रीहरू जस्तै बिउ, मल, जैविक विषादी, हजारी, स्प्रेयर आदि उपलब्ध हुनेछ । प्राङ्गारिक तरकारी खेती कम्तीमा पनि ३ रोपनी क्षेत्रफलमा सञ्चालन हुनुपर्ने ।

- **फलफूल बगैंचा स्थापनाः** पर्यटक स्थललाई मनोरम र सुन्दर बनाउनका लागि विभिन्न प्रकारका फलफूल बगैंचा स्थापनाका लागि सहयोग उपलब्ध हुनेछ । सुन्तला, स्याउ, ओखर, केरा आदिको बगैंचा स्थापनाको लागि अनुदान उपलब्ध हुनेछ । फलफूल बगैंचा कम्तीमा पनि ५ रोपनी क्षेत्रफलमा स्थापन हुनुपर्नेछ ।फलफूल खेतीका लागि आवश्यक पर्ने उत्पादन सामग्री, प्रशोधन र बजारिकरणमा सहयोग पुग्ने सामग्रीहरू उपलब्ध हुनेछ ।

- **फूलबारी स्थापना सहयोगः** पर्यटक स्थललाई आकर्षक बनाउनका लागि विभिन्न प्रकारका फूलबारी बगैंचा, पानीका फोहरा, फाउन्टेन स्थापनाका लागि सहयोग उपलब्ध गराइने छ । उत्पादन सामग्री र अन्य पुँजीगत निर्माणमा सहयोग उपलब्ध हुनेछ ।
- **च्याउ उत्पादन कार्यक्रमः** च्याउको उपलब्धता वृद्धि गराउनका लागि नमूना गाउँमा च्याउ उत्पादन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् । एउटा च्याउ उत्पादन घरको क्षेत्रफल कम्तीमा पनि २०० वटा पोका च्याउ अटाउने हुनुपर्दछ ।

- **मौरी पालन कार्यक्रमः** स्थानीयस्तरमा नै स्वच्छ मह उत्पादनका लागि मौरी पालन कार्यक्रम सञ्चालन प्रस्ताव पेश हुन सक्नेछ । एउटा प्रस्तावकले कम्तीमा पनि १० घार मौरी पाल्नु पर्दछ।